# प्रेश विज्ञप्ती

नेपालको संविधानले राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानून बमोजिम गर्ने व्यवस्था गरेको छ । स्थानीय तहलाई संविधान र प्रचलित कानून बमोजिम प्राप्त जिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोत साधनको उपलब्धतालाई सुनिश्चित गर्न संघीय र प्रदेश सरकारले प्रदान गर्ने अनुदान र अन्य वित्तिय व्यबस्थाका अतिरिक्त राजस्व अधिकार समेत प्रदान गरिएको छ । स्थानीय तहको राजस्व अधिकार क्षेत्रका विषयमा आवश्यक कानून बनाई अधिकतम रुपमा स्थानीय स्रोत परिचालन गर्ने परिपाटीलाई स्थानीय सरकारको वित्तिय खाँचो पुरा गर्ने माध्यमको रुपमा मात्र नभई वित्तिय स्वायत्तता र जनताप्रतिको जवाफदेहीका दृष्टिले पनि महत्वपूर्ण मानिन्छ । यसै अवधारणा अन्तरगत नेपालमा अन्य करका अतिरिक्त आर्थिक वर्ष २०५६।५७ देखि नगरपालिकाहरुमा एकीकृत सम्पत्ति कर कार्यान्वयनमा आएको र बर्तमान संविधान र कानूनी व्यबस्था अन्तरगत यो करलाई गाउँपालिकासम्म पुर्याईएको छ ।

विगतमा एकीकृत सम्पत्ति कर र घरजग्गा करमध्ये कुनै एक कर लगाउन पाउने कानूनी व्यबस्था रहेको कारण काठमाडौं उपत्यका भित्रका नगरपालिका, बिराटनगर तथा मध्य तराईका केही नगरपालिका बाहेकका ४८ नगरपालिकाहरुमा मात्र एकीकृत सम्पत्ति कर कार्यान्वयनमा आएको र काठमाडौं लगायतका १० नगरपालिकाहरुमा घरजग्गा कर कार्यान्वयनमा रहेको थियो । स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यबस्थाले २०७५ श्रावण १ गतेदेखि घरजग्गा कर लिन नपाइने हुँदा साविकमा घरजग्गा कर उठाउँदै आएका पुराना नगरपालिकासंगै सबै स्थानीय तहले एकीकृत सम्पत्ति करलाई नै कार्यान्वयनमा ल्याउनु पर्ने अवस्था उत्पन्न भएको छ । नगरपालिकाहरुको विगतको आन्तरिक स्रोत परिचालनको अवस्थालाई विश्लेषण गर्दा सम्पत्तिमा आधारित करको योगदान सबैभन्दा बढी हुनुका साथै यो स्रोत दिगो तथा भरपर्दो समेत भएको कारण यसको प्रभावकारी कार्यान्वयनमा सबै स्थानीय तहले अधिकतम प्रयत्न गर्नु पर्ने र संघीय सरकारको तर्फबाट पनि स्थानीय तहको क्षमता विकासमा सहजीकरण गर्नु पर्ने देखिएको छ ।

एकीकृत सम्पत्ति कर विगतदेखि नै कार्यान्वयनमा रहेको कर प्रणाली भएको कारण पहिलो पटक कार्यान्वयनमा ल्याउने स्थानीय तहले समेत विगतको अभ्यास तथा साविकको कानूनी व्यबस्था समेतलाई आधार मानी स्थानगत आवश्यकता र विशिष्ठताका आधारमा सम्पत्तिको मूल्यांकन र करको दररेट कायम गर्न सक्ने स्वायत्तताको पूर्ण उपयोग गर्न सक्ने व्यबस्था मिलाई आधारभूत प्रकृयागत विषयमा सबै स्थानीय तहहरुबीच एकरुपपता कायम गर्न पनि उत्तिकै आवश्यक छ । तसर्थ, यसै अवधारणा अनुरुप एकीकृत सम्पत्ति कार्यान्वयनमा ल्याउन बाँकी सबै स्थानीय तहहरुले समेत सहज रुपमा यो करलाई कार्यान्वयनमा ल्याउन सकुन् भन्ने अभिप्रायले नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७४।१२।१९ को निर्णयानुसार "एकीकृत सम्पत्ति कर व्यबस्थापन कार्यविधि, २०७४" को नमूना स्वीकृत गरी सबै स्थानीय तहलाई उपलब्ध गराइएको छ ।

प्रस्तुत नमूना कार्यविधिमा सम्पत्ति मूल्यांकन समिति गठन, सम्पत्तिको विबरण संकलन, मूल्यांकन प्रकृया, कर निर्धारण र असूली, कर छुट, दण्ड र पुरस्कार जस्ता एकीकृत सम्पत्ति कर कार्यान्वयनसंग सम्बन्धित विषयहरु समाबेश गरिएको छ । सम्बद्ध सबै स्थानीय तहहरुले प्रचलित कानून तथा यस कार्यविधि अनुरुप अवलम्बन गर्नु पर्ने प्रकृयाहरु यथाशीघ्र अघि बढाई एकीकृत सम्पत्ति कर प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय हार्दिक अपिल गर्दछ ।

रुद्रसिंह तामाङ
प्रबक्ता
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

२०७४ चैत्र १९

Scanned by CamScanner